


# विश्व

**आन्दोलन**

राष्ट्रपति इयानियल ओर्टेगाको राजीनामाको माग गर्दै आह्वान भएको एक दिने आमहड्तालका कारण निकारगुवा ठप्प भएको छ।



**कर**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ सामानमाथि थप २५ प्रतिशत कर लागू गर्ने घोषणा गरेका छन्।



2018, JUN
Saturday
16

## विश्व २ मिनेट

### भारत

#### अनाहकमा ज्यान

बेंगलुरु, (एजेन्सी)

१५ रुपियाँको चुरोटले दुई व्यक्तिको ज्यान लिएको छ। चुरोट लिएर पैसा नदिएपछि पसले र ती व्यक्ति बीच विवादले झगडाको रूप लियो। दक्षिण भारतीय शहर बेंगलुरुमा भएको उक्त घटनामा ३० वर्षका ती व्यक्ति र उनका दाजुको ज्यान गएको प्रहरीले बताएको छ। पैसाका कारण विवाद बढेपछि पसलेले आफ्ना साथीहरूलाई फोन गरी बोलाएका थिए। हतियारसहित आएका आधा दर्जनको समूहले ३० वर्षीय अमिनलाई कुटपिट गरेपछि भाइलाई जोगाउन आएका दाजुलाई पनि कुटपिट गरी दुवैको हत्या गरेको बताइएको छ। प्रहरीले पसल मालिक अमिन अली र केही व्यक्तिलाई हिरासतमा लिइसकेको छ।

### अफगानिस्तान

#### तालिबान नेता मारिए

काबुल, (एजेन्सी)

पाकिस्तानको तालिबान सशस्त्र समूहका नेता छिमेकी अफगानिस्तानको कुनार प्रान्तमा मारिएको अफगान रक्षा मन्त्रालयले जनाएको छ। पाकिस्तानी तालिबान नेता मुल्ला फज्लुल्लाह कुनार प्रान्तको मारावेरा जिल्लाको सीमा क्षेत्रमा अमेरिकासँगको संयुक्त कारबाहीमा मारिएको अफगान रक्षा मन्त्रालयका मोहम्मद रादमनिसले पुष्टि गरेका छन्। बिहीबार बिहान भएको हवाई कारबाहीमा उनी मारिएको उनले थपे। फज्लुल्लाहसँगै अन्य दुई सशस्त्र लडाकू पनि उक्त आक्रमणमा मारिएको प्रवक्ताले जानकारी दिएका छन्। तहरिक इ तालिबान पाकिस्तान (टीटीपी)ले आफ्ना नेता मारिएको स्विकार गरेको छ।

### यमन

#### हमला नगरिने

साना, (एजेन्सी)

यमन सरकारले शुक्रबार आफ्नै फौजले लडाकू नियन्त्रित बन्दरगाह शहर हुदेदाहमा आक्रमण नगरिने घोषणा गरेको छ। युद्धग्रस्त राष्ट्र यमनमा मानवीय राहत सामग्री प्रवेश गर्ने यो प्रमुख नाका हो। विदेश मन्त्री खालेद एलेमानीले सरकारको भौतिक पूर्वाधार नष्ट गर्ने योजना नरहेको बताएका छन्। सरकारी फौजले बुधबार साउदी अरेबियाको नेतृत्वमा रहेको गठबन्धन फौजद्वारा रेड सी शहरमाथि भएको हमलामा सहयोग गरेको थियो। दातृनिकायहरूले युद्धका कारण खडेरीको खतरामा परेका लाखौं मानिसलाई आवश्यक आधारभूत वस्तुहरूको आपुर्ति बन्द हुनसक्ने बताइसकेका छन्।

### अस्ट्रेलिया

#### नाजी झण्डा

सिडनी, (एजेन्सी)

अस्ट्रेलियाली प्रधानमन्त्री माल्कोम टर्नबुलले अफगानिस्तानमा एउटा अस्ट्रेलियाली सैनिक सवारी साधनमा स्वस्तिक चिन्ह भएको नाजी झण्डा फहराएको तस्वीरलाई लिएर कडा आलोचना गरेका छन्। उनले सन् २००७ को मिसनमा भएको यस घटना अत्यन्तै अस्विकार्य भएको टिप्पणी गरेका छन्। सैनिक अधिकारीहरूले कमान्डिङ अफिसरहरूले हस्तक्षेप गर्नुअघि केहीबेर नाजी झण्डा फहराइएको स्विकारेका छन्। यस घटनामा संलग्नहरूलाई नसिहत दिइसकेको छ। अस्ट्रेलियन ब्रोर्डकास्टिङ कर्पोरेसनले बिहीबार तस्वीर प्राप्त गरेको थियो। नवनाजीवादलाई प्रश्रय गर्नुभन्दा ठट्टा गर्ने उद्देश्यले यो घटना घटेको बताइएको छ।

# उत्तर कोरियाली जनरललाई ट्रम्पको स्यालुट विवादमा



वासिङटन, (एजेन्सी)

उत्तर कोरियाको सरकारी टेलिभिजन च्यानलमा प्रसारित एक फुटेजले अमेरिकामा विवाद शुरू भएको छ। फुटेजमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प उत्तर कोरियाका एक सैन्य जनरललाई स्यालुट गरिरहेको देखिएका थिए। उक्त फुटेज यसै हप्ता सिंगापुरमा भएको ट्रम्प किमको ऐतिहासिक शिखर वार्ताका क्रममा खिचिएको थियो।

टिभी फुटेजमा उत्तर कोरियाली नेता किम जोङ उन आफ्ना सैन्य जनरल नो क्वांग चोलको परिचय ट्रम्पलाई दिइरहेका थिए। ट्रम्पले सैन्य वर्दी लगाएका जनरलसँग हात मिलाउनका लागि आफ्नो हात बढाए तर जनरलले हात नमिलाएर ट्रम्पलाई स्यालुट गरेका थिए। त्यसको लगत्तै ट्रम्पले पनि उत्तर कोरियाली सैन्य जनरललाई स्यालुट गरेका थिए। यद्यपि स्यालुट गरेपछि ट्रम्प र जनरलले हात पनि मिलाएका थिए।

टेलिभिजन फुटेज हेरेपछि अमेरिकाका सैन्य विशेषज्ञहरूले ट्रम्प उत्तर कोरियाली तानासाहको हातबाट खेलाइएको बताएका छन्। उत्तर कोरियाले सिंगापुर शिखरवार्तामा आफ्नो नेताको बलियो छवी देखाउने उद्देश्यले उक्त फुटेज प्रसारित गरेको विज्ञहरूले बताएका छन्। उत्तर कोरियाली सञ्चार माध्यमले सिंगापुर शिखर वार्ताबाट देशलाई भएका फाइदालाई व्यापक प्रचार गरिरहेको छ। अमेरिका-दक्षिण कोरिया सैन्य अभ्यास रोक्ने र प्रतिबन्ध खुकुलो गर्ने सहमतिलाई विशेष जोड दिइएको छ।

सिंगापुर शिखर सम्मेलनपछि ट्रम्पले आफ्नो देशमा आलोचना खेप्नुपरिरहेको छ। परमाणु निशस्त्रीकरणको आश्वासनको बदलामा ट्रम्पले धेरै दिएर आएको उनीमाथि आरोप लागेको छ। बिहीबार अमेरिकी सञ्चार माध्यमको एक तप्काले सिंगापुर शिखर सम्मेलनमा भएका सम्झौतालाई कमजोर पार्ने प्रयास गरिरहेको ट्रम्पले आरोप लगाएका थिए। यसैबीच अमेरिकाले बिहीबार औपचारिक रूपमा घोषणा गर्दै दक्षिण कोरियासँग हुने भनिएको सैन्ययुद्ध अभ्यास अनिश्चित कालका लागि निलम्बित गरिएको जनाएको थियो।

# आप्रवासी मृत्यु प्रकरणमा दोषीलाई सजाय




बुडापेस्ट, (एजेन्सी)

सन् २०१५ को अगस्टमा एउटा लरीमा ७१ जना आप्रवासीको निसासिएर मृत्यु भएको विषयलाई लिएर बिहीबार हंगेरीमा चारजना पुरुषलाई अदालतले फरकफरक अवधिको कारावास सजाय सुनाएको छ। प्रहरीले त्यतिबेला हंगेरीमा दर्ता गरिएको र अस्ट्रियाको एउटा गाउँनजिक अलपत्र अवस्थामा छोडिएको सो लरीभित्र कुहिसकेको अवस्थामा तिनीहरूको लाश फेला परेको थियो। युरोपतर्फ अवैध आप्रवासी ओइरिने क्रम तिव्र अवस्थामा रहेको बेला यो घटना सार्वजनिक भएको थियो।

अवैध ढंगले मानव ओसारप्रसार कार्यमा संलग्न प्रमुख व्यक्ति भएको आशंका गरिएका १ जना अफगान नागरिकलाई २५ वर्ष र उनका आफ्ना अन्य बुल्गेरियालीलगायत १० जना सहयोगीलाई भने अलि कम कारावास सजाय तोकिएको छ। तिनीहरू सबैलाई मानव ओसारप्रसारको अभियोगमा दोषी ठहर गरिएको हो। सन् २०१५ मा सिरियालगायत अन्य युद्धग्रस्त राष्ट्रका थुप्रै व्यक्ति भागेर मध्ययुरोपमा अवैध ढंगले प्रवेश गरेका थिए।

केस्केमेट शहरमा मुद्दा चलाइएका तिनीहरूले अदालतको यस निर्णय विरुद्ध उच्च अदालतमा अपिल गर्न पाउनेछन्। ३ जना बुल्गेरीयाली अभियुक्त अझै फरार रहेकाले तिनीहरूको अनुपस्थितिमा अदालतमा निर्णय सुनाइएको थियो। पीडितहरूमा इराक, अफगानिस्तान, सिरिया, र इरानका नागरिक रहेको बताइएको छ। मर्नेमा ८ जना महिला, ४ जना बालबालिका र अन्य ५९ जना पुरुष रहेका छन्।

# मुसर्रफ चुनाव लड्न अयोग्य

इस्लामाबाद (एजेन्सी)



पाकिस्तानको सर्वोच्च अदालतले पेशीमा अनुपस्थित हुने गरेकोमा पूर्वराष्ट्रपति जनरल परवेज मुसर्रफलाई चुनाव लड्नका लागि दिएको ससर्त अनुमति फिर्ता गरेको छ।

अदालते गत हप्ता उनलाई जुलाई २५ मा हुने प्रस्तावित आमचुनाव लड्न अनुमति दिएको थियो। उनले उत्तरी चित्राल जिल्लाबाट नामांकन पत्र पनि दर्ता गरेका थिए। मुसर्रफलाई उनको आजीवन अयोग्यतासँग जोडिएको मामिलामा जुन १३ मा अदालतसमक्ष पेश हुन अनुमति दिएको थियो। प्रधानन्यायाधीश साकिब निसारले बुधबार पूर्वसेना प्रमुखलाई अदालतमा उपस्थित हुन आदेश दिएका थिए। उनलाई शुक्रबार अपरान्ह २ बजेसम्ममा अदालतमा हाजिर हुन भनिएको थियो। सुनवाइका क्रममा उनका वकिलले ७४ वर्षीय मुसर्रफ आउने निर्धारित समय थियो तर उनी तत्काल आउन असम्भव भएको बताएका थिए।


इदको छुट्टि र बिरामीका कारण मुसर्रफ तत्काल यात्रा गर्न सक्ने स्थितिमा नभएको वकिलले जानकारी गराएका थिए। त्यसपछि सुनवाइ अनिश्चितकालका लागि स्थगित गर्दै याचिकाकर्ता तयार भएपछि मात्र सुनुवाइ राख्ने र उनलाई दिइएको ससर्त अनुमति फिर्ता लिएको न्यायाधीशले फैसला सुनाएका थिए।

# मंगलग्रहमा आँधीका कारण अपर्च्युनिटी रोबर बन्द

नासा, (एजेन्सी)

मंगलग्रहमा धुलोयुक्त भीषण आँधीहुरी चलेपछि नासाको अपर्च्युनिटी रोबर बन्द हुन पुगेको छ। सौर्य उर्जाबाट चल्ने उक्त मानवरहित यान सटडाउन मोडमा गएको अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले जनाएको छ। हाल यसको सबै प्रणाली अफलाइन भएकाले यसको अस्तित्वलाई लिएर चिन्ता बढेको एजेन्सीले बताएको छ।

अकस्मात धुलोयुक्त तिव्र गतिको आँधी आएपछि रातो ग्रहमा सूर्यको किरण छिर्न नसकेको नासाले बताए। उक्त धुलोयुक्त आँधी १ करोड ४० लाख बर्गमाइल क्षेत्रफलमा फैलिएको बताइएको छ। यो करिब अमेरिकाको क्षेत्रफलसँग बराबर छ। नासाको जेट प्रपल्सन ल्याबोरोटरीमा अपर्च्युनिटीका परियोजना प्रबन्धक जोन कोलासले अपर्च्युनिटी पछिल्लोपटक परसिवरेन्स भ्याली नामक स्थानमा देखिएको जानकारी दिए। उनले भने- 'अपर्च्युनिटी सटडाउनमा गएको छ। हामी आँधी रोक्ने पर्खाइमा छौं।'




'हामी सबैलाई आँधी रोकिएपछि पनि रोबर हाम्रो सम्पर्कमा आउन सक्छ वा सक्दैन भन्ने विषयमा चिन्ता छ' -उनले बताए। मंगलग्रहमा मे ३० बाटै आँधी आएको थाहा भएको थियो। तर हालैका दिनमा त्यसले भीषण रूप लिएको हो। उक्त रोबोटिक यानसँग पछिल्लोपटक जुन १० मा सम्पर्क भएको थियो। मंगल ग्रहमा जीव अस्तितत्व पत्ता लगाउन अपर्च्युनिटी र स्पिरिट नामक दुई रोबोटिक यानलाई सन् २००३ मा प्रक्षेपित गरिएको थियो। त्यसको एक वर्षपछि मंगल ग्रहको धर्तीमा सफल अवतरण गरेका थिए। त्यतिबेलादेखि ती दुई रोबर उक्त रातो ग्रहमा विचरण गरिरहेका थिए।